स्थानीय सरकार

Local Government

# बुढीगंगा गाउँपालिका

Budhiganga Rural Municipality

गाउँकार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

हात्तिमुडा, मोरङ, Hattimuda, Morang

प.सं. / Ref. no. २०८०।८१

च. नं. / Dispatch no.

कोशी प्रदेश, नेपाल

Koshi Province , Nepal

प.स.:२०८१/०८२,

च.नं.:०००,

मिति २०८१/०३/१८ गते

**बिषय: सेवा करारमा कर्मचारी संबन्धि सूचना।**

**सूचना प्रकाशन मिती २०८१/०३/१८ गते**

यस बुढीगंगा गाउँपालिकाको **स्वास्थ्य ऐन २०८० को दफा (१९) र दफा (२३) वमोजिम** सार्वजनिक निजी साझेदारी व्यवस्थापन वा अस्पताल व्यवस्थापन समितिको पूर्ण जिम्मेवारीमा सञ्चालित **"१० शैयाको बुढीगंगा आधारभूत अस्पताल"** को प्रशासक/निर्देशक छनौट बुढीगंगा गाउँपालिकाद्वारा स्वीकृत भए अनुरुप बुढीगंगा आधारभूत अस्पतालसंग रहेको श्रोत र साधनको अधिकतम उपयोग गरी यहाँका सर्वसाधारण जनतालाई संघ, प्रदेश र स्थानीय सरकारद्वारा नियमित रुपमा उपलब्ध गराईएका स्वास्थ्य सेवाको निरन्तरताका साथ थप प्रवर्धानात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनस्थापनात्मक स्वास्थ्य सेवा सुबिधा दीर्घकालीन रुपमा उपलब्ध गराउन बुढीगंगा गाउँकार्यपालिकाको निर्णयानुसार बुढीगंगा आधारभूत अस्पतालको प्रशासक / निर्देशक र ल्याव टेक्निसियन पदको लागि **विशेष करारबाट पदपूर्ति** गर्नुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र माग बमोजिमका प्रमाणपत्र र निबेदन दस्तुरको सक्कल रसिद सहित यस बुढीगंगा गाउँपालिकाको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | परीक्षा दस्तुर रु. | माग पद संख्या | उम्मेदवार को न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/०८१-०८२ | अस्पताल प्रशासक /निर्देशक | १०००/- | १ (एक) | • मान्यता प्राप्त संस्थाबाट एम.बि.बि.एस.उतिर्ण गरेको नेपाली नागरिक हुनुपर्ने र सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ, <br> • सरकारी वा निजी बिमा लागु भएको अस्पतालमा व्यवस्थापक वा सहायक-व्यवस्थापकको |

स्थानीय सरकार

Local Government

# बुढीगंगा गाउँपालिका

Budhiganga Rural Municipality

गाउँकार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

हात्तिमुडा, मोरङ, Hattimuda, Morang

कोशी प्रदेश, नेपाल

Koshi Province , Nepal

प.सं. / Ref. no. २०८०।८१

च. नं. / Dispatch no.

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रुपमा काम गरेको कम्तिमा एक वर्षको अनुभव भएको, •२१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, |
| २ | ०२/०८१-०८२ | ल्याव टेक्निसियन | रु ५००। | १ एक | • मान्यता प्राप्त संस्थाबाट ल्यावमा प्रविणता प्रमाणपत्र (ल्याव टेक्निसियन) उतिर्ण गरेको नेपाली नागरिक हुनुपर्ने र सम्बन्धित काउन्सिलमा दर्ता भएव हुनुपर्नेछ, • सरकारी वा निजी स्वास्थ्य संस्थामा काम गरेको अनुभव • २१ वर्ष पुरा भई (४०वर्ष पुरुष) / (४५ बर्ष महिल उमेर ननाघेको, |

१) **छनौटको तरिका** : अन्तर्वार्ता बाट र उम्मेदवारहरुको योग्यता र निजले पेश गरेको मार्ग चित्र तथा प्रस्ताब अध्ययन गरी अस्पताल व्यवस्थापन समितिले उपयुक्त प्रस्ताब पेश गर्ने उम्मेदवारलाई अस्पताल प्रशासक (निर्देशक) छनौट गर्न सक्नेछ ।

२) **जम्मा सेवा अवधि**: सेवा अवधि कम्तिमा पाँच बर्ष रहनेछ । यदि सेवा बिचमा नै छोड्नु परेमा उच्चित कारण सहित समितिले अनुमोदन गरेमा मात्रै छोड्न पाईने छ ।

३) **आवेदनमा पेश गर्नुपर्ने कागजातहरु**: क) SLC देखि MBBS सम्मका लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रका प्रतिलिपिहरु र एम.बि.बि.एस. को सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रका प्रतिलिपिहरु र माथि उल्लेखित अनुभवको प्रमाणपत्रका प्रतिलिपिहरु **साथै ल्याव टेक्निसियनको लागि SLC देखि Lab**



स्वास्थ्य संयोजक

स्थानीय सरकार

Local Government

# बुढीगंगा गाउँपालिका

Budhiganga Rural Municipality

गाउँकार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

हात्तिमुडा, मोरङ, Hattimuda, Morang

कोशी प्रदेश, नेपाल

Koshi Province , Nepal

प.सं. / Ref. no. २०८०।८१

च. नं. / Dispatch no.

**Technician सम्मका लब्धांक पत्र र चारित्रिक प्रमाणपत्रका प्रतिलिपि र सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रका प्रतिलिपिहरु**

४) अस्पताल व्यवस्थापनका लागि आफ्नो पंचबर्षीय कार्ययोजना उल्लेख गरी लिखितरुपमा आवेदन साथै पेश गर्नुपर्ने ।

५) **अस्पताल प्रशासक /निर्देशकको काम, कतव्य :** बुढीगंगा आधारभूत अस्पतालको प्राविधिक, प्रशासनिक तथा आर्थिक निर्देशन दिने तथा अस्पताल संचालन र व्यवस्थापन समितिको आन्तरिक श्रोतको व्यवस्थापन गरी समितिका कर्मचारीहरु लगायतको व्यवस्थापन गर्ने र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक निति, योजना, बजेट तथा कार्यक्रमको मस्यौदा तर्जुमा गरेर समितिमा पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यन्वयन गर्ने गराउने ।

६)**अस्पताल प्रशासक /निर्देशकको अधिकार :** बुढीगंगा आधारभूत अस्पतालको आन्तरिक श्रोतको व्यवस्थापन गर्ने अधिकार हुनेछ ।

७) **अस्पताल प्रशासक /निर्देशक र ल्याव टेक्निसियन को सेवा सुविधा:** पारिश्रमिक तथा सेवा सुविधा स्थानीय तहको अधिकृत आठौं तहका लागि तोकेको शूरु स्केल भन्दा कम नहुने गरी मासिक रुपमा अस्पतालले उपलब्ध गराउनु पर्नेछ । साथै अन्य कुरा अस्पताल व्यवस्थापन समिति र अस्पताल प्रशासक /निर्देशकको आपसी समझदारीमा हुनेछ र ल्याव टेक्निसियनको लागि आपसी समझदारीमा तलव भत्ता निर्धारण हुनेछ ।

८) **आवेदन समय** : मिति २०८१/०३/१८ गते देखि मिति २०८१/०४/०१ गतेको ५:०० बजे सम्म ।

९) **अन्तर्वार्ताको मिति र समय : मिति २०८१/०४/०३ गते , ११ :०० बजे ।**

१०) थप जानकारीको लागि बुढीगंगा गाउँपालिकाको वेबसाईट र स्वास्थ्य शाखाको फोन नं: ९८६२२९०४३४ वडा नं.६ को सूचना पाटि हेर्नु हुन अनुरोध छ ।

बासुदेव रेग्मी

स्वास्थ्य संयोजक

बुढीगंगा गाउँपालिका, हात्तिमुडा, मोरङ ।

स्वास्थ्य संयोजक